Split by PDF Splitter

## अनुसुची १८

मौरी श्रोत केन्द्रको मापदण्ड

मौरी श्रोत केन्द्रको स्थापना र तथा श्रोत केन्द्रको रुपमा काम गर्न निम्न मापदण्डहरु पुरा गरेको हुनु पर्ने छ।

१. .घरेलु वा उद्योग बाणिज्यमा दर्ता भइ व्यावसायीक कीट विकास निर्देशनालय वा मौरीपालन विकास शाखा कार्यालयहरुमा समेत सुची दर्ताको समयावधि भीत्र सुची दर्ता गरेको हुनु पर्ने छ।

२. प्यान वा भ्याटमा दर्ता भएको।

३. सञ्चालकबाट कम्तीमा पनि मौरीघार गोला निर्माणमा १५ दिने तालीम लिएको।

४. व्यावसायीक रुपमा कम्तीमा पनि १० बर्षसम्म मौरीपालन, घारगोला विक्री वितरण गरेको।

५. मौरी घार निर्माण तथा आधारचाका निर्माण गर्ने मेशिन जडान गरि कम्तीमा पनि ५ जना नियमीत रुपमा कामदार राखी कार्य गरि रहेको।

६. श्रोत केन्द्र निर्माणको लागि आवश्यक भौतिक पुर्वाधार पुरा गरेको।

७. मौरीपालन श्रोत केन्द्रको रुपमा मौरघार वा मौरी गोला, आधारचाका निर्माण गर्दा निम्नानुसारको मापदण्ड पुरा गरेको हुनु पर्ने भएकोले सो बस्तु निर्माण गर्न आवश्यक मेशिनरी तथा भौतिक पूर्वाधार पुरा गरेको हुनु पर्ने।

मौरीघारगोलाको मापदण्ड :

- ❖ मेलीफेराको घारको भीत्रीभाग 14–11/16 **इन्च(३७३ एम एम) र भीत्रि लम्बाइ १८-५/१६ इन्च (४६५ एम एम) घारमा कम्तीमा पनी ५ फ्रेम मौरी भएको मेलीफेरा भएमा स्वस्थ्य रानु सहित २५००० र सेरेनाको हकमा १५००० जनसख्या भएको हुनु पर्ने।**
- ❖ **आधारचाका निर्माण तथा वितरणकोलागी सेरेना घारको भित्री भाग न्युट्रन ए २ कम्ब ५.३ मी मी कोष साइज भएकोs कोषको उचाइ १९५ मी मी भएको तथा मेलीफेराको हकमा ५.३ मी मी को कोष साइज बनाउन सक्ने आधारचाका निर्माण गर्ने मेशीन जडान भएको।**
- ❖ घार निर्माणकोलागि आवश्यक पर्ने टुनीका काठ खरीद गरेको प्रमाण पत्रहरु समावेश भएको
- ❖ नियमीत रुपमा मौरीगोला घार आधारचाका तथा मौरी उपकरण निर्माण र विक्री गरेको विवरण देखाउने गरी श्रेश्ता राखेको।
- ❖ रानु उत्पादन गर्न आवश्यक पर्ने मेशीन तथा उपकरणहरु भएको।
- ❖ आफुले गोलाघार विक्री गर्ने लक्ष्य सख्याको एक चौथाइ स्वास्थ माउगोला आफु सग रहेको वा अनुभवी मौरीपालकहरुसग सम्झौता गरेर चाहेको अवस्थामा उपलब्ध गराउन सक्ने व्यवस्थाको प्रमाण पेश गर्न सक्ने
- ❖ मौरीघार र आधारचाकाको हकमा बर्षमा १ पटक र गोला उत्पादन र विक्रीको हकमा प्रत्येक लटमा मौरी विज्ञहरुबाट अनुगमन गराइ उपयुक्त छ भनी प्रमाणित गराएको हुनु पर्ने।